म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७५ २०८१ जेठ ४ गते शुक्रबार 17 May 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




### बागमतीमा फेरि १३ मन्त्रालय

## मन्त्री आलेलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा फेरि मन्त्रालयको संख्या १३ वटा पुगेको छ । बुधबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले सामाजिक विकास मन्त्रालयअन्तर्गत् रहेको युवा तथा खेलकुद विभागलाई छुट्याएर युवा तथा खेलकुद मन्त्रालय बनाएसँगै मन्त्रालयको संख्या १३ पुगेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बागमती प्रदेशका विना विभागीय मन्त्रीको रुपमा रहनुभएका नेकपा एकीकृत समाजवादीकी रमा आले मगरलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिएको बताउनुभयो । मन्त्री आले गत चैत १९ गते मन्त्रीमा नियुक्त हुनुभए पनि जिम्मेवारी दिइएको थिएन ।

बैठकले प्रदेश विश्वविद्यालय संरक्षण समिति सदस्यहरुको मनोनयन स्वीकृत गरेको छ । जसमा प्रा.डा. चन्द्रमणि पौडेल र कृष्ण कटुवाललाई नियुक्त गरिएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । यस्तै, प्रदेश सरकारी कामकाजी भाषा २०८० कार्यान्वयनका लागि सुझाव समिति गठन गर्न सो समितिको सेवा सुविधा व्यवस्था सम्बन्धमा निर्णय भएको छ । भाषा कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव संयोजक रहनेगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, राष्ट्रिय भाषा आयोगबाट एक जना प्रतिनिधि, तामाङ घेदुङ संघका केन्द्रीय अध्यक्ष र नेवा दयः दवुका केन्द्रीय अध्यक्ष समितिको सदस्य रहने जनाइएको छ । यस्तै, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका महाशाखा प्रमुख सदस्य सचिवको रुपमा रहनेछन् ।

बैठकमा प्रदेश विकास परिषद् सदस्यहरु मनोनयन गर्ने निर्णय भएको छ । परिषद्मा २५ जना सदस्यहरु रहने व्यवस्था छ । यसमा जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुबाट कानुनबमोजिम सदस्यहरु नियुक्त हुने प्रवक्ता श्रेष्ठले बताउनुभयो । यस्तै, बैठकले प्रदेश खेलकुद विकास नियमावली २०७६ को दोस्रो संशोधन स्वीकृत गरेको छ । यसमा दुई वर्षको कार्यकाल रहेकोमा अब चार वर्षको बनाएको छ ।

प्रदेश कला, संस्कृति तथा सम्पदासम्बन्धी विधयेकको मस्यौदा तयारीको सिद्धान्त स्वीकृत भएको छ । यस्तै, शहीद स्मारक प्रकृति प्रतिष्ठान थानकोटको व्यवस्थापनका लागि जिम्मेवारी तोक्ने पनि मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको छ ।

## टिमलाई जिताउन कप्तानको भूमिका महत्वपूर्णः प्रशिक्षक टमाटा



*क्रिकेट खेलाडी तथा पदाधिकारीसँग अन्तरक्रिया गर्नुहुँदै प्रशिक्षक जगत बहादुर टमाटा ।*

समाज संवाददाता

हेटौंडाः नेपालका क्रिकेट प्रशिक्षक जगत टमाटाले टिमलाई जिताउन टिम कप्तानको महत्वपूर्ण भूमिका हुने बताउनुभएको छ । बुधबार रोटरी क्लब अफ हेटौंडाको आयोजनामा खेलाडी, प्रशिक्षकहरुबीच भएको अन्तरक्रिया कार्यक्रममा खेलाडीहरुले गरेको प्रश्नको उत्तर दिनुहुँदै प्रशिक्षक टमाटाले प्रदर्शनी आफ्नो ठाउँमा भएपनि टिमलाई कसरी मजबुद बनाउन सकिन्छ भन्ने कुराको मूल्यांकन टिम कप्तानले गर्नुपर्ने बताउनुभएको हो ।

व्यवस्थापनको हिसाबमा चलेर टिम कप्तानले टिम कोअर्डिनेसन मिलाउनुपर्ने प्रशिक्षक टमाटाले सुझाव दिनुभएको हो । खेल खेल्नका लागि मैदानमा उत्रिँदा विपरीत टिमको दिमागसँग खेल्न सक्नुपर्ने उहाँले बताउनुभयो । कुनै पनि खेलाडीले बलिङ गर्ने क्रममा विपक्षीले कसरी ब्याटिङ गरिरहेको छ भन्ने कुराको ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो । ब्याट्सम्यानले गरेको प्रदर्शनीका आधारमा उनीहरुको दिमाग पढ्न सक्नुपर्ने उहाँले बताउनुभयो ।

खेलाडीहरुले प्रशिक्षणको क्रममा फरक-फरक तरिकाले खेल प्रदर्शनी गर्नुपर्ने प्रशिक्षक टमाटाले बताउनुभयो । बालबालिकालाई क्रिकेटको सुरुवात गर्ने क्रममा मनोरञ्जनको हिसाबले सिकाउन आवश्यक रहेको उहाँको भनाइ छ । कुनै पनि मानिसले आफ्नो खेलको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि ध्यान र योग गर्न जरुरी रहेको उहाँले बताउनुभयो । खेलाडीहरुले थोरै समय प्रशिक्षणमा सहभागी भए पनि दिमागलाई सक्रिय राखेर तालिम लिनुपर्ने उहाँले सुझाव दिनुभयो । कुनै प्रतियोगितामा सहभागी भएर आफूले गरेको गल्तीहरुको मूल्यांकन गरेर त्यसलाई सुधार गरेमा सबै खेलाडी उत्कृष्ट बन्नसक्ने उहाँले दावी गर्नुभएको छ ।

संस्कृतिको विकास गर्नुपर्ने र खेलाडीहरुले आफूले खेल्ने तरिकाबारे बुझ्नुपर्ने बताउनुहुँदै खेलाडीहरुले पनि रुचि देखाउन आवश्यक रहेको औंल्याउनुभयो । माथिल्लो स्तरको प्रतियोगिताहरुमा सहभागी हुँदा कस्तो परिस्थितिमा कसरी खेल्नुपर्छ भन्ने कुराका लागि खेलाडीहरुले आफैंले योजना बनाउन सक्नुपर्ने उहाँले बताउनुभयो । बलिङ अथवा ब्याटिङ गर्ने समयमा सामूहिक योजना बनाएर तालमेल मिलाउन सक्नुपर्ने उहाँको सुझाव छ ।

यु-१६ र यु-१९ प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले छुट्टाछुट्टै योजना बनाउनुपर्ने बताउनुभयो । स्थानीय स्तरदेखि नै ग्रासरुटबाट खेलाडी उत्पादन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । माथिल्लो स्तरको प्रतियोगितामा सहभागी हुँदा मानसिकता फरक बनाउनुपर्ने उहाँले बताउनुभयो । नेपालको राष्ट्रिय टिममा सहभागी हुने खेलाडीले त्यो अनुसार प्रस्तुत हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

विपक्षी टिमले बलिङ गर्दा कसरी ब्याटिङ गर्ने, कुनै बललाई कसरी हान्ने भन्ने कुराको योजना खेलाडीहरुले बनाउनुपर्ने उहाँले बताउनुभयो । पछिल्लो समयमा नेपालबाट फास्ट बलिङ गर्ने बलरको संख्या घट्दै गएकाले फास्ट बलर उत्पादन गर्ने कार्यमा सबै संघहरु लाग्नुपर्ने उहाँले बताउनुभयो । फास्ट बलरमा हुने गुणहरुको पहिचान गर्न आवश्यक रहेको उहाँको भनाइ छ । राम्रो खेलाडीहरुले आफ्नो क्षमताको अभिवृद्धि गर्ने कममा लाग्नुपर्ने टमाटाले बताउनुभयो । विद्यालयस्तरबाट नै क्रिकेट खेलाडी उत्पादन गर्नका लागि विभिन्न जिल्लाका क्रिकेट संघहरुले कार्यक्रम गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

दिमागलाई स्थित बनाएर क्षमताअनुसारको मानसिकता बनाउनुपर्ने प्रशिक्षक टमाटाले बताउनुभयो । प्रतिस्पर्धात्मक प्रतियोगिता सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो । खेलाडीहरुले समय तालिका बनाएर प्रशिक्षण, पढाइ, मोबाइल चलाउनेलगायतका काम गर्नुपर्ने उहाँले बताउनुभयो । प्रशिक्षणका लागि र म्रो खेलाडी, प्रशिक्षक र राम्रो वातावरण आवश्यक पर्ने बताउनुभयो ।

खेलाडीहरुले अनुशासन पनि पालना गर्नुपर्ने उहाँले बताउनुभयो । ४, ५ घण्टा प्रशिक्षणमा सहभागी भए पनि खेलाडीहरुले कसरी प्रशिक्षण लिइरहेको त्यो कुराको मध्यनजर आफैंले गर्नुपर्ने उहाँले बताउनुभयो । विद्यालयस्तरबाट खेलाडी उत्पादन कसरी गर्ने, जिल्लाबाट विभिन्न उमेर समूहका खेलाडीहरुलाई समेट्ने कुरामा लाग्नुपर्ने उहाँको सुझाव छ ।

मकवानपुर जिल्ला क्रिकेट संघका संस्थापक अध्यक्ष अरुणराज सुमार्गीले बढीभन्दा बंढी खेल खेलेर आफूलाई मजबुत बनाउन सबै खेलाडीहरु लाग्नुपर्ने बताउनुभएको छ । रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष स्वागतराज प्याकुरेलले खेलाडीहरु उत्पादन गर्नका लागि संरचना निर्माण गर्न आवश्यक रहेको बताउनुभएको छ । कुनै पनि खेलको विकास गर्नका लागि पूर्वाधार निर्माण गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो ।

कार्यक्रममा प्रदेश क्रिकेट संघका उपाध्यक्ष प्रेम क्षेत्री, जिल्ला क्रिकेट संघका पूर्वअध्यक्ष बासुलाल श्रेष्ठ, सचिव विनोद बानियाँ, कोषाध्यक्ष धिरज श्रेष्ठलगायत विभिन्न क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## स्वस्थानीको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-१ मा बारीको कान्लाबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा साँगाचोकगढी नगरपालिका-१, स्याउले बद्लाङ बस्ने ३३ वर्षीया स्वस्थानी खड्का थापा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बुधबार बिहान ७ बजेको समयमा थापा घरबाट घाँस काट्न निस्किएकोमा अबेरसम्म घरमा नआएकाले आफन्तहरुले खोजतलास गर्दै जाँदा दिउँसो ३ बजेको समयमा बारीको कान्लाबाट लडी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

## हेटौंडामा डिस्टिङ्ग्वीस्ट जेन्टलमेन्स राइड हुने

समाज संवाददाता

हेटौंडाः आर्थिक सहयोग संकलन गर्ने उद्देश्यसहित डिस्टिङ्ग्वीस्ट जेन्टलमेन्स राइड हेटौंडामा पनि हुने भएको छ । सन् २०१२ मा अष्ट्रेलियाबाट सुरु भएको यो अभियान २०१८ देखि नेपालमा सुरु भएको हो । गत वर्षदेखि चितवन र धरानमा पनि सहयोग संकलन गर्न यात्रा तय गरिएको थियो ।

हेटौंडा इन्फिल्डर्स मकवानपुरको आयोजनामा भोलि शनिबार हुने राइडमा एक सयको हाराहारीमा सहभागिता रहने बताइएको छ । हेटौंडा इन्फिल्डर्स मकवानपुरका अध्यक्ष राजक शाहीले विभिन्न संघ, संस्थाको सहयोगमा पहिलो पटक जेन्टलमेन्स राइड गर्ने प्रयास गरिएको जानकारी दिनुभयो । पहिलो वर्ष भएकोले सहयोग रकम संकलन नगरिने उहाँको भनाइ छ । राइडमा सहभागी ४ जनालाई विभिन्न विधामा पुरस्कृत गरिने बताइएको छ । सन् २०१२ मा अष्ट्रेलियाबाट सुरु भएको जेन्टलमेन्स राइडमा यस वर्ष विश्वभरबाट मानसिक स्वास्थ्य र प्रोस्टेड क्यान्सर पीडितलाई सहयोग गर्ने उद्देश्य लिइएको छ । हेटौंडा-४ स्थित हुप्रचौरबाट सुरु हुने जेन्टलमेन्स राइड हेटौंडाको भुटनदेवी मन्दिर हुँदै नगर परिक्रमा गरी पुनः हुप्रचौरमा पुगेर टुंगिनेछ ।




## मुडभरीको आँखाको नानी संकलन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१३ मा बसोबास गर्ने केशव मुडभरीको आँखाको नानी संकलन गरिएको छ । दुर्घटनाका कारण मृत्यु भएका मुडभरीको बिहीबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा आँखाको नानी संकलन गरिएको हेटौंडा सामुदायिक आँखा अस्पतालले जनाएको छ ।

स्वर्गीय मुडभरीको परिवारको इच्छाअनुसार आँखा दान गरिएको हो । ४१ वर्षीय मुडभरीको बुधबार हेटौंडा-सिन्धुली सडकअन्तर्गत् मकवानपुरको बागमती गाउँपालिका-४, चाँदेपुलमा स्कुटर र ट्याक्टर आपसमा ठोक्किँदा मृत्यु भएको हो । दुर्घटनामा परी गम्भीर घाइते भएका मुडभरीको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो ।

मुडभरी विद्यालय सञ्चालक, स्टेशनरी व्यवसायीसमेत हुनुहुन्थ्यो भने आँखा स्वास्थ्यसम्बन्धी कार्यक्रमको समन्वय गर्दै आइरहनु भएको थियो । हेटौंडा सामुदायिक आँखा अस्पतालले हालसम्म २२ वटा आँखाको नानी संकलन गरिसकेको छ । संकलित आँखाको नानी आवश्यक भएको व्यक्ति, नानीमा समस्या भएर दृष्टिबिहीन भएका व्यक्तिलाई वितरण गर्ने गरिन्छ ।

## प्रदेशसभा अन्तर्गतका ५ समितिको निर्वाचन शनिबार हुने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा अन्तर्गतका पाँच वटा समितिको निर्वाचन शनिबार हुने भएको छ । प्रदेशसभा अन्तर्गतका प्रदेश मामिला समिति, अर्थ विकास समिति, सार्वजनिक लेखा समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापति चयनका लागि निर्वाचन हुन लागेको हो ।

बागमती प्रदेशसभाले निर्वाचनका लागि बिहीबार मतदाता नामावली सार्वजनिक गरेको छ । जसअन्तर्गत् प्रदेश समितिमा १९ जना, अर्थ तथा विकास समितिमा २० जना, सार्वजनिक लेखा समितिमा १८ जना, शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा १९ र उद्योग, पर्यटन समितिमा १९ जना मतदाता रहेका छन् ।

निर्वाचनका लागि शुक्रबार दिउँसो ३ बजेदेखि ५ बजेसम्म मनोनयन दर्ताको कार्यक्रम रहेको प्रदेशसभाका सचिव कृष्णहरि खड्काले बताउनुभयो । शुक्रबार नै साँझ ५ बजेदेखि ६ बजेसम्म मनोनयन फिर्ता लिने पाउने र ६ बजेपछि उम्मेदवार को अन्तिम नामावली प्रकाशन हुने निर्वाचन कार्यतालिका छ । यस्तै, समिति सभापति चयनका लागि शनिबार दिउँसो ३ बजेर ३० मिनेटदेखि मतदान हुने र आइतबार बिहान १० बजे निर्वाचित हुनेहरुलाई सपथग्रहण गराउने कार्यतालिका छ ।

### 'आधुनिक माविमा 'आँखा शिविर

## ४९ जनाको आँखामा समस्या

समाज संवाददाता

हेटौंडाः मकवानपुरको हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा आँखा शिविर हुँदा ४९ जनाको आँखामा समस्या देखिएको छ । बिहीबार भएको शिविरमा जाँच गराएका ४ सय ५५ जनामध्ये ४९ जनाको आँखामा समस्या देखिएको हो । समस्या देखिएकालाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा थप जाँच गरेर निःशुल्क चश्मा वितरण गरिने विद्यालयका सूचना अधिकारी कृष्णगोपाल श्रेष्ठले जानकारी दिनुभयो ।

शिविरमा विद्यार्थी एवम् शिक्षकको आँखा जाँच गरिएको हो । ५६ औं स्थापना दिवसको अवसर पारेर विद्यालयले विभिन्न कार्यक्रम आयोजना गरिरहेको छ । बुधबार भएको वार्षिक उत्सवमा विद्यालयले शिक्षक, विद्यार्थी, कर्मचारी र पूर्वशिक्षकलाई सम्मान गरेको थियो भने मंगलबार रक्तदान कार्यक्रम आयोजना गरेको थियो ।

विद्यालयलले हेटौंडा सामुदायिक आँखा अस्पतालको सहयोगमा शुक्रबार र आइतबार पनि विद्यालयमा आँखा शिविर आयोजना गरेको छ । यस्तै, विद्यालयले मंगलबार रक्तसञ्चार केन्द्रको सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल २ हजार ६ सय विद्यार्थी अध्ययनरत छन् ।

## बालमैत्री मनहरीमा भेटिए ६ बालश्रमिक

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाभित्रका श्रम क्षेत्रमा बिहिबार बालश्रमको विषयमा अनुगमन भएको छ । श्रम तथा रोजगार कार्यालय हेटौंडाको नेतृत्व, मनहरी गाउँपालिका र सिविन बाल हेल्पलाइन १०९८ को संयुक्त सहकार्यमा सम्पन्न अनुगमन मनहरीको ७, ८ र ९ नम्बर वडाका व्यवसायहरुमा अनुगमन गरिएको हो ।

अनुगमन कार वास सेन्टर, वर्कशप, होटल, किराना तथा फेन्सी स्टोर्सहरुमा गरिएकोमा ७ जना बालश्रमिक काम गरिरहेको अवस्थामा फेला पारी व्यवसाय सञ्चालकलाई स्पष्टीकरणको लागि तत्कालपत्र समेत बुझाइ उपस्थित हुन ७ दिनको म्याद दिइएको श्रम तथा रोजगार कार्यालय हेटौंडाका प्रमुख छन्दनारायण श्रेष्ठले बताउनुभयो । जे के वास सेन्टर मनहरी-९ मा १७ बर्षीय एक बालक, शाह मोटरसाइकल वर्कशप मनहरी ९ मा १४ वर्षीय एक बालक, बर्तौला सप्लायर्स मनहरी ७ मनहरी बजारमा एक जना १३ वर्षीय बालक, रजैया बाइक वर्कशप, मनहरी-८ मा १७ वर्षीय एक बालक, बर्तौला खाजा घर मनहरीमा १३ वर्षीया एक बालिका र सरस्वती फेन्सी मनहरी बजारमा १७ वर्षीय एक बालिका गरी जम्मा ४ बालक र २ बालिका फेला परेका बाल हेल्पलाइन मकवानपुर प्रमुख झबिन्द्र ज्ञवालीले बताउनु भयो ।

श्रम तथा रोजगार कार्यालय हेटौंडाका प्रमुख छन्दनारायणश्रेष्ठ, नायब सुब्बा भिमप्रसाद शर्मा, मनहरी गाउँपालिकाका महिला तथा बालबालिका शाखा प्रमुख शिला अधिकारी, इलाका प्रहरी कार्यालय मनहरीका दिनेश थापा क्षेत्री, बाल हेल्पलाइन मकवानपुर प्रमुख झबिन्द्र ज्ञवाली, कार्यक्रम अधिकृत एवम् मनोविमर्शकर्ता सम्झना अधिकारी, मनहरी गाउँपालिकाका बालअधिकार समिति देवकी ढुङ्गाना, बालमैत्री सहजकर्ता सुशीला नेपालीलगायतको टोलीले अनुगमन सम्पन्न गरेको हो ।

# सम्पादकीय

## सहकारीमा समस्याले सकस

"सबैका लागि एक, एकका लागि सबै" भन्ने अवधारणाबाट विकास भएको सहकारी संस्थामा विभिन्न समस्याले सकस भइरहेको छ । पछिल्लो समय ग्रामीण भेगमा बसोबास गर्ने, बैंकिङ क्षेत्रको पहुँच नपुगेको र न्यून आय भएकाहरुका लागि निकै सहयोगी बनिरहेको सहकारीहरु समस्याग्रस्त बनिरहेका छन् । देशभर विभिन्न स्वरुपका सहकारी संस्था सञ्चालनमा रहेको भए पनि वित्तीय कारोबार गर्ने केही बचत तथा ऋण सहकारी समस्याग्रस्त बनेका हुन् । ग्रामीण समुदायका स-साना बचतहरुलाई स्थानीय स्तरमा परिचालन गर्ने सहकारी संस्थाहरु सामान्यरुपमा चलिरहेको भए पनि शहरी क्षेत्रमा स्थापना भएका, देशव्यापी शाखा खोलिएका, ठूलो रकमको बचत तथा ऋणको कारोबार गर्दै आएका सहकारी संस्थामा समस्या देखिएको हो । केही सहकारीका सञ्चालकले सहकारीको मूल्य मान्यताविपरित काम गरेर सर्वसाधारणको बचतसमेत जोखिममा पारेका कारण सहकारीप्रतिको आशा, भरोसा र विश्वास कमजोर बन्दै गएको छ ।

निजी, सार्वजनिक र सहकारी तीन पक्षलाई राष्ट्रिय आर्थिक समृद्धिको मेरुदण्डको रुपमा स्वीकार गरिएसँगै सहकारी अभियान व्यापक बन्दै गएको छ । अहिले देशभर २५ हजारभन्दा बढी विभिन्न प्रकार र उद्देश्यका सहकारी संस्था स्थापना भएका छन् । नेपाली अर्थतन्त्रको महत्वपूर्ण मेरुदण्डको रुपमा सहकारीको विकास हुँदै गइरहेको छ । जीविकोपार्जन, न्यून जीवनस्तरमा सुधार र गरिबी न्यूनीकरणलाई विशेष महत्व दिई सहकारी संस्थाहरु स्थापना भएका हुन् । सामान्य नागरिकको जीविकोपार्जन तथा देशको आर्थिक विकासको महत्वपूर्ण आधार रहेको र ठूलो सम्भावना बोकेका सहकारीमा व्यथिति र विकृति बढ्नु र सर्वसाधारणको लगानी र बचत जोखिममा पर्नुले सहकारीको प्रभावकारी नियमन आवश्यक बन्दै गएको छ ।

नेपालमा सहकारी संस्था सञ्चालनमा आएको निकै लामो समय भइसकेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सहकारीको विकास तीब्र गतिमा भएको हो । ६ दशकभन्दा बढी समयदेखि सहकारी सञ्चालन हुँदै आए पनि यो परिपक्व बन्न सकेको छैन । लामो समयदेखि सहकारीको अभ्यास भइरहेको भए पनि मुलुकमा सहकारीहरु अझै भरपर्दो र व्यवस्थित हुन सकेका छैनन् । राज्यले आर्थिक क्षेत्रको एउटा महत्वपूर्ण खम्बाका रुपमा सहकारीलाई उभ्याउन खोजेको भएपनि व्यवहारमा प्रभावकारी काम नियमन गर्न सकेको छैन । देशको आर्थिक विकासका लागि सहकारीको भूमिकालाई राज्यले मनन गरेको भए पनि सहकारीको नियमन, व्यवस्थापन तथा दिगोपनाका लागि राज्यले पर्याप्त ध्यान दिन नसक्दा सहकारीमा अनेकन् समस्या देखिएका छन् । विशेषगरी सहकारीका प्रभावशाली सञ्चालकले आम सर्वसाधारणको बचत अपचलन गर्ने गरेको थुप्रै घटना सार्वजनिक भएका छन् । राज्यका उच्च ओहोदामा बस्नेहरुको मिलेमतो तथा संरक्षणमा सहकारी सञ्चालकले मनोमानी गरेको पाइएको छ । जथाभावी ऋण प्रवाह गर्ने, आफ्नो वा आफन्तको नाममा ठूलो रकम अपचलन गर्ने र सर्वसाधारणको बचत तथा लगानीसमेत जोखिममा पार्ने काम केही सहकारीले गरिरहेका छन् ।

सहकारीमा आवद्ध न्यून आय भएका नेपालीले केही न केही फाइदा लिइरहेको भए पनि कतिपय सहकारीका सञ्चालक तथा कर्मचारीले बद्मासी गरिदिएका कारण सर्वसाधारणको लगानी डुबेको छ भने कतिपयको लगानी सङ्कटमा परेको छ । समुदायका स-साना बचत संकलन, परिचालन गरेर पुँजी निर्माणमा सहकारीको योगदान अतुलनीयन छ । सरल प्रक्रियाबाट शेयर सदस्यलाई ऋण दिने कार्यले न्यून आयस्तर भएका तथा बैंकिङ्ग क्षेत्रको पहुँच बाहिरका व्यक्ति र समुदाय सहकारीबाट लाभान्वीत भइरहेका छन् । यसले उनीहरुको जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ । तर, कतिपय सहकारीको कार्यशैली पारदर्शी र प्रभावकारी नहुँदा सहकारीका शेयर सदस्यहरु पीडित बन्नु परिरहेको छ । सहकारीको उचित अनुगमन र नियमन गर्दै सहकारीलाई व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय सरकारले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक तथा सामाजिक काममा मन जाने योग छ । |
| वृष | : प्रतिस्पर्धामा विजय प्राप्त हुने समय योग छ । |
| मिथुन | : भावना र कल्पनामा रमाइने समय योग रहेको छ । |
| कर्कट | : अध्ययन-अध्यापनमा थप परिश्रम गर्नुपर्ला । |
| सिंह | : व्यापार-व्यवसाय ठिकै रहने समय योग रहेको छ । |
| कन्या | : सुन्दर उपहार प्राप्त हुने समय योग रहेको छ । |
| तुला | : अध्ययन-अध्यापनका कामहरुबाट लाभ प्राप्त हुनेछ । |
| वृश्चिक | : लेनदेनका कारोबारबाट समस्या समाधान हुने छ । |
| धनु | : वैदेशिक योग बाट लाभ प्राप्त हुने समय योग रहेको छ । |
| मकर | : रोकिएका कामहरु बनिने समय योग रहेको छ । |
| कुम्भ | : सहयोग र समाजसेवाका काममा समय बित्ला । |
| मीन | : साहित्यिक कार्यक्रममा झुकाव बढ्ने समय छ । |

# नेता नसुध्रने, युवा नथामिने



रुद्रप्रसाद भट्टराई

१२ कक्षा सकिन नपाउँदै विद्यार्थीको चाप कि त आइएलटिएस, टोफेल, जिआरई र अर्कातिर जापान र कोरियन भाषातर्फ थामिनसक्नु छ, बरु केही समय भयो थोरै कम भएको । पछिल्लो समय वैश्विक मन्दीले वैदेशिक दुःखका कुरा बाहिर आउनाले पनि सो भार कम भएको आकलन गरिएको छ । तैपनि बाहिरका संघर्षका कथा कम बुनिन्छन् र युवा त्यसकै लर्कोमा लय मिलाउन बाध्य बनेको सबैसामु छर्लङ्गै छ ।

सरकार प्रमुख र नेताकै ताल यो स्तरको हुँदा न व्यवस्थाले कुनै परिवर्तन देखिएको छ, न जनताको जनजीविकामा कुनै प्रगति हुने छाँट देखिएको छ । देश जलेको छ, दिनकै सुनसान बनेको छ तर नेतालाई आफ्नै दुनो सोभ्म्याउन फुर्सद छैन । कनीकुथी आफ्नै कथा बुन्न र सुनाउन व्यस्त छन् । सुन्ने र भेला हुने पनि हामी अनि गाली गर्ने पनि हामी, अहिले नाटक मञ्चन गर्न व्यस्त छौँ । पुराना, नयाँ सबै एकै ड्याङका मुला भएका छौँ । यही कारण बनेको छ युवाको निराशा र यसकै चपेटाले देशमा रोजगारीभन्दा पनि महँगी अचाक्ली बढेको छ अनि युवामा निराशा ।

१२ कक्षामा उत्तीर्ण विद्यार्थी केही समय रोकिए पनि उसले स्नातक पूरै पढेर पास गरी विदेश जानुपर्छ भन्नेको संख्या अत्यन्तै कम छ । शैक्षिक वर्षको बीचमै छाडेर विदेश जानेको संख्या उत्तिकै बढेको छ । यस्तो अवस्थामा स्नातक पढ्दै गरेका विद्यार्थीहरू जापान र दक्षिण कोरियाको नशामा फसेका छन् । राज्यले देशमा रोजगारी वृद्धि गर्न सकेको छैन र कोसिस पनि छैन । रोजगारी सिर्जनामा स्थानीय तहले एकाध काम गरे पनि सो मूल्यमा काम गर्नुभन्दा विदेशै गए जीवन सुरक्षणम् हुने बताइरहेका छन् । पूर्वाधार विकासको मात्रा ग्रामीण क्षेत्रमा पुगे पनि उपभोग गर्ने जनसंख्या बिदेसिँदा कसका लागि घर, बाटो, पुल अनि अरू भएको छ । अर्कातिर सहरमा घर भरिए पनि श्रम, उत्पादन वृद्धि र व्यापार चौपट हुँदा सुनसानजस्ता बनेका छन् । ४० प्रतिशतसम्म घरजग्गाको भाउ कम हुँदा किनबेच हुन सकेको छैन, बैंकमा पैसा थुप्रिएको छ तर लिने मान्छे छैन । अवस्था दिनकै झनै असहज बन्दै गएको जनगुनासो स्थलमा व्याप्त छ ।

राजनीति नसग्लिएकैले यस्तो परिणाम बेहोर्नुपरेको सरोकारवालाहरू बताइरहेका छन् । त्यसकै विकारले सबै क्षेत्र तहसनहस बन्न पुगेको छ । वर्तमान समयमा देशको सार्वजनिक ऋण करिब २४ खर्ब पुगेको छ, जुन प्रत्येक टाउकोमा गन्दा झन्डै ८२ हजारजति पर्न आउँछ । पछिल्लो आँकडाअनुसार नेपालको सार्वजनिक ऋणको हिस्सा कुल गार्हस्थ्य उत्पादनको ४४.३६ प्रतिशत पुगेको छ । नेपालसँग जिडिपीको ५० प्रतिशतसम्मको सार्वजनिक ऋणको भार थेग्न सक्ने क्षमता छ । औसतमा ४० देखि ४३ प्रतिशतबीचमा सार्वजनिक ऋणको भार रहँदै आएको छ । जे भए पनि एकातिर उत्पादन नबढ्नु र अर्काले खा भनेर बनाइदिनुले हामी निरन्तर ऋणग्रस्तताको अवस्थामा पुगेका छौँ । फेरि सरकारको मनलाग्दी अदृश्यात्मक खर्चले पनि दिनप्रतिदिन हामी गरिब बन्दै गएका छौँ र विदेशीले फाइदा लुटिरहेका छन् । यसैको परिणाम हो, अहिलेको 'ब्रेन ड्रेन' ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार अहिले उपभोक्ता मुद्रास्फीति ४.८२ प्रतिशत रहेको छ । विप्रेषण आप्रवाह २१ प्रतिशतले वृद्धि भई ९६१ अर्ब २२ करोड पुगेको छ । कुल आन्तरिक कर्जा ४ प्रतिशतले बढेको छ । तर, जतातत्तै विप्रेषणको समाचार मात्र बन्छन् र त्यसमै शासकहरु रमाएर बसेका छन् । त्यसका अतिरिक्त जनताका अंगभंग, घर उठिबास, सम्बन्ध विच्छेद, विचलन, लास आदि लुकाइरहेका छौँ । सरकारले झूटको खेती गरेर जनतालाई राहदानी बेचिरहेको हामी सम्झनै चाहन्नौँ । मुखमा राष्ट्रवादी तर व्यवहारमा शून्यवादी चरित्र उनीहरू प्रस्तुत गरिरहेका छन् । तरै पनि को प्रधानमन्त्री हुने भन्नेमै उनीहरू व्यस्त बनेका छन् ।

देशका वन जलिरहँदा यहाँ पद गुम्ने चिन्तामा नेताहरू केन्द्रित हुनु यसको गतिलो नमुना हो । यति हुँदा पनि उनैलाई पदमा पुर्‍याउन हामीलाई मरिहत्ते छ । असारे विकास रोकिएको छैन, झनै बढाइएको छ । देश पूर्णतया आयातमा निर्भर बनेको छ । देशका सीप, उत्पादन हराएका छन् अनि परनिर्भरतामा उचो वृद्धि छाएको छ । देशमा उद्योग छैन-बन्द छन्, आयका लागि स्रोत नभएपछि कर बढाउने, सहयोग माग्ने, दिन नसके देश र नेपाली जनताको टाउकोमा ऋणको भार थुपार्दै जाने परिपाटी बढिरहेको छ, जुन माथि उल्लिखित आँकडाबाट प्रस्ट हुन्छ ।

देश समृद्ध हुन आफ्नै उद्योग र उत्पादन हुनुपर्छ । नेपालको उत्पादन अन्तर्राष्ट्रिय स्तरसम्म पुर्‍याउने वातावरण सरकारले मिलाउन सक्ने वातावरणले मात्र स्तरमा सुधार हुन्छ । तर, हामी यी कुरा मुखले मात्र भनिरहेका छौँ, काममा जिरो छौँ । जसको अभावमा कुनै पनि वस्तु तथा सेवाको मूल्य अकासिएको छ अर्थात् हामी किन्न नसक्ने अवस्थामा गुज्रिरहेका छौँ । हामी नेपाली भन्दै नेपाली नागरिकता खल्तीमा बोक्छौँ, ढाका टोपी लगाउँछौँ तर भान्छामा पकाउनेदेखि जीउमा लगाउने कपडासम्म विदेशबाट आयात गरेर ढोंगी राष्ट्रवादको वकालत गरिरहेका छौँ । देशको खेतीयोग्य जमिन भने बाटो र घर बनाएर सिध्याइरहेका छौँ । वाहियात कुरामा अनावश्यक समय र रकम खर्च गर्नाले उत्पादनमूलक क्षेत्रमा लगानी कम र देखावटीमा बढी गर्नाले जनजीविका असहज बन्दै गएको छ । यही भएर पनि समृद्धि टाढा हुँदै गएको छ र सुशासनको प्रत्याभूति हुन सकेको छैन ।

भएका र नयाँ बनेका संरचनामा उपभोग गर्नेको जनसंख्या निरन्तर घट्दै जाँदा गाउँ-सहर करिब शून्यजस्तै बनेका छन् । बाटाहरू वर्षौंदेखि स्तरीकरणको नाममा खोतलिएको छ, खेतबारीमा घडेरी प्लटिङ, डाँडामा भ्युटावर, खोलाखोल्सामा चरम दोहन, अधिक वनविनाश गरेर अनि ऋण गरेर अन्तर्राष्ट्रिय विमानस्थल, भएका सीमित बजेट रकम भ्युटावर, स्वागत गेट, भीमकाय मूर्ति, मन्दिर र डोजरे विकासमा खर्च भइरहँदा पनि हामी विकास हुँदै छ भन्न छाडेका छैनौँ । उपलब्धि शून्य हुँदा पनि हामी चेतेका छैनौँ । उता देश बनाउने कृषि र युवालाई उपेक्षामा पारिएको दिनमै भुलिरहेका छौँ । कुशासनले देश खोक्रो बनाइरहँदा हामी मूकदर्शक बनेर सिर्जनशील हातहरू मरुभूमि सिँगार्न घचेटिरहेका छौँ । प्राथमिकताका क्षेत्रहरूलाई पाखा लगाएर युवालाई देशमा रोकिनुपर्छ भन्न र गर्न सकिरहेका छैनौँ । नीतिदेखि स्थलसम्मका गतिविधिमै सामञ्जस्यता नहुँदा र प्रभावकारी कार्यान्वयन र अनुगमन नदेखिँदा अनियमितताले सबै क्षेत्र तहसनहस बनेका छन् । अर्थात्, हरेक क्षेत्र खोतलिएको छ, पुरिएको छ, तर दिगो छैन । र त युवामा वितृष्णा बढेको छ ।

उत्पादनमा सरकारले दीर्घकालीन सहयोग नगर्नाले उत्पादनमुखी गतिविधिहरु ठप्प प्रायः बन्दै गएका छन् । विपरीत देखासिकीको व्यापारले स्थान जमाउन पुगेको छ । विकास, समृद्धि, सुशासन, सामाजिक मर्यादा हराएको छ । जनप्रतिनिधिहरुमा विकास गर्नेभन्दा पनि जनतालाई करको बोझ थोपरेर कर्मचारीसँगको मिलेमतोमा बजेट सिध्याउने र जसरी भए पनि पैसा कमाउने कामबाहेक अरू देखिएको छैन । जनताको माग र स्थानीय सरकारको विकासको कार्ययोजनामा पटक्कै तालमेल देखिँदैन । बन्द उद्योग र सो क्षेत्रमा प्रवेश गर्ने समूहमा त्रास पैदा भएको छ । लगानीको वातावरण देखिँदैन, तर सरकार लगानी सम्मेलनमा व्यस्त छ । भएकालाई संरक्षण भने कत्ति पनि छैन । सामाजिक, आर्थिक र सांस्कृतिक समस्या प्रमुख बन्दै जाँदा गरिबी र असमानता बढेको छ । तर पनि हाम्रा कार्ययोजनाचाहिँ अनुत्पादक विलासी भौतिक वस्तुमै केन्द्रित छन् । देश बिग्रियो, बिगारियो भन्नमै व्यस्त छौँ, तर पनि उनैलाई साथ दिन छाडेका छैनौँ, जसको चपेटामा युवापुस्ता नराम्ररी परेको छ ।

श्रमिकको अभावमा खेतीयोग्य जमिन झनै बाँझो हुँदै गएका छन् । बाहिरी संस्कृति अन्धाधुन्ध नक्कल गर्ने, विदेशी सामान उपभोग गर्नेलगायतका खर्चिला बानी हामीमा परेको छ । देखासिकी गतिविधि हाबी हुँदा रैथाने संस्कृति र बानी-व्यवहार हराएर गएका छन् । मुरी फल्ने खेतमा कंक्रिट भरिएका छन् । उत्पादनमूलक क्षेत्र प्राथमिकतामा पर्न छाडेका छन् । त्यही रेमिटेन्स पठाउँदाको दुःख लुकाएर अनियमितताको क्षेत्रमा लगानी गर्नाले त्यसको उपयोग सही तरिकाले नभएको उदाहरण थपिँदै गएका छन् । यो अवस्था शासकले झनै बढाउँदै लगेका छन् । सरकारले अझै पनि स्वरोजगारी, स्वावलम्बन र सीप विकासको नाममा पैसा बाँडिरहेको छ ।

बढीभन्दा बढी रोजगारी सिर्जना गर्ने ठूला उद्यमीलाई प्रवर्द्धन गर्नु अपरिहार्य बन्नुपर्नेमा सो भइरहेको छैन, त्राहिमामको अवस्था छ । सीप र दक्षता बढाउन पैसा बाँड्न आवश्यक छैन, सर्वप्रथम अदक्ष श्रम गरेर पनि उचित र सम्मानजनक पारिश्रमिक प्राप्त हुने वातावरण तयार गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने कुरा सरकारले महसुस नै गरेको छैन । आर्जन र बचत भएपछि नागरिकले आफ्नो व्यक्तित्व र वृत्ति विकासका लागि आफैं सचेत भएर खर्च गर्न, सीप सिक्न र क्षमता बढाउन सक्छन् भन्ने कुरालाई नजरअन्दाज गरिएको छ । वैदेशिक रोजगारी कारखाना बढ्नु, शिक्षाका नामका स्कुल बढ्नु राम्रो संकेत पक्कै होइन । रेमिटेन्सले देश धानिनु राम्रो कदापि होइन । केही समयका लागि यो राम्रो हुन सक्छ, तर दीर्घकालमा यसले राम्रो गर्दैन ।

यसकारण नेता सुध्रिऊँ, नीति सुधारौँ र युवा देशमा बाँच्ने गरी रोजगारी सिर्जना गर्‍यौँ भने मात्र व्यवस्थाप्रति जनताको अभिमत गह्रौँ हुन्छ । नत्र न युवा देशमा रहन्छन्, न देश समृद्धिको बाटोमा नै उक्लिन्छ ! चौतारीमा बसेर हावादारी गफमा देश नचलाए मात्र पनि देशले गति लिन सक्छ । तर यहाँ त ठाउँ र गाउँअनुसारको प्रवचन चलिरहेको छ । सक्ने क्षेत्र प्राथमिकतामा पारेर काम गर्न सके मात्र पनि देश सुनसान हुने अवस्थाबाट जोगिन सक्छ र हामीले बुबा-आमालाई हेरचाह गर्न सक्ने वातावरण बन्न सक्छ । यसकारण उचो घरको मात्र परिकल्पना गर्न छाडेर जमिनको बारेमा थोरै चिन्तन बढाए मात्र पनि देश उँभो लाग्न समय कुर्नु पर्दैन । त्यसैले नेता सुध्रिऊँ, युवा थामौँ । *(स्रोतः कारोबारदैनिक)*

# के हुन्छ जब हामी धेरै नुन खान्छौं ?

उज्ज्वल रायमाझी

नुन सोडियम क्लोराइडबाट बनेको खनिज हो, जसमा ४० प्रतिशत सोडियम र ६० प्रतिशत क्लोराइड हुन्छ । शरीरका लागि सीमित मात्रामा नुन आवश्यक हुन्छ, किनकि शरीरमा पानीको मात्रा नियन्त्रित राख्नका लागि हामीलाई सोडियमको जरुरत हुन्छ । नुन यसको प्रमुख स्रोत हो ।

दिमागदेखि शरीरका अन्य अंगसम्म सूचना आदानप्रदान गर्नका लागि सोडियमको महत्वपूर्ण भूमिका हुन्छ । साथै मांसपेशीलाई सक्रिय बनाइराख्नका लागि सोडियम चाहिन्छ । तर नुनको बढी प्रयोग हानिकारक हुनसक्छ । उच्च रक्तचाप जस्ता समस्यामा त नुन झन् धेरै हानिकारक हुनसक्ने चिकित्सक बताउँछन् ।

विश्व स्वास्थ्य संगठनले मानव शरीरका लागि दैनिक पाँच ग्राममुनि नुन आवश्यक हुन्छ भनेको छ । त्यसभन्दा बढी भएमा स्वास्थ्यलाई हानि पुर्‍याउँछ ।

**धेरै मात्रामा नुन खाँदा के हुन्छ ?**

**उच्च रक्तचाप** : अत्याधिक नुन सेवनको सबैभन्दा ठूलो असर रक्तचापमा वृद्धि हुनु हो । नुनमा सोडियम हुन्छ र जब धेर सोडियम खाइन्छ, हाम्रो शरीरमा पानी जम्मा हुन्छ, जसले रगतको मात्रा बढाउँछ र रक्तनलीहरुमा दबाब दिन्छ ।

**मिर्गौला बिग्रन सक्छ** : शरीरमा तरल पदार्थको सन्तुलन कायम राख्न मिर्गौलाले ठूलो भूमिका खेल्छ । धेरै नुन सेवन गर्दा मिर्गौलामा दबाब पर्न सक्छ र तिनीहरूको काममा बाधा पुग्न सक्छ, जसले समयको साथ मिर्गौलालाई क्षति पुर्‍याउँन सक्छ ।

**हृदयरोगको जोखिम बढ्छ** : अत्याधिक नुनको सेवनले उच्च रक्तचाप बढ्छ । उच्च रक्तचाप हृदयरोगको प्रमुख कारण हो । यसले मस्तिष्कघात, हृदयघात र अन्य मुटुरोगको जोखिम बढाउँछ ।

**छिट्टै बुढ्यौली निम्तिन सक्छ** : अत्याधिक नुन सेवनले छिट्टै बुढ्यौली बनाउन सक्छ । किनभने अधिक नुनले आँखाको स्वास्थ्यलाई हानि पुर्‍याउँछ । अत्याधिक नुन सेवनले रगतको गुणस्तर घटाउँछ, जसकारण शरीरमा चाँडो बुढ्यौलीको लक्षण देखिन थाल्छ ।

**शरीरमा पानी जम्मा हुन्छ** : धेरै नुनको सेवनले शरीरमा पानी जम्मा हुन सक्छ, जसले हात र खुट्टालगायत शरीरका धेरै भाग सुन्निन सक्छन् ।

**हड्डी कमजोर हुन्छ** : शरीरमा सोडियमको मात्रा बढी हुँदा हड्डी कमजोर हुन्छ । जब हामी धेरै नुन खान्छौं, हड्डी भित्रबाट खोक्रो हुन थाल्छ । जसकारण कम्मर दुख्ने, घुँडा दुख्ने जस्ता समस्या देखिन सक्छ ।

**छालामा समस्या** : नुन धेरै सेवन गर्दा छालामा पनि विभिन्न खालका समस्या आउँछन् । शरीरमा नुनको मात्रा बढ्यो भने एलर्जी, जलन, सुन्निने जस्ता समस्या देखिन सक्छ ।

**नुनको अत्याधिक सेवनबाट बचौं** : नियमित आहारमा प्रयोग गरिएको सामान्य नुनबाट शरीरलाई आवश्यक पर्ने सोडियमको परिपूर्ति हुन्छ । हाम्रो खानामा नुन छर्किने बानी छ । नियमित खाना बाहेक हामी उमालेको खाना तथा फल सलादमा नुन छर्किन्छौं, जसले शरीरमा अतिरिक्त सोडियमको भण्डारण गर्छ । त्यसैले अतिरिक्त नुन खानबाट बच्नुपर्छ ।

यूएस फुड एण्ड ड्रग एडमिनिस्ट्रेसनका अनुसार हाम्रो आहारमा ७० प्रतिशतभन्दा बढी सोडियम प्याकिङ गरिएको खानाबाट आउँछ । त्यसैले शरीरमा नुनको मात्रा कम गराउन तरकारीमा राख्ने नुनको मात्रा मात्रै घटाएर पुग्दैन । प्याकेट बन्द खानेकुरा र अतिरिक्त नुन थपेर खाने बानी हटाउनुपर्छ ।

नेपाल जस्तो समुन्द्री सतह भन्दा टाढा भएको र समुन्द्री खाना कम खाइने मुलुकमा आयोडिन प्राप्त गर्न नुनको सेवन गर्नुपर्ने हुन्छ । त्यसैले आयोडिनका लागि दुई बालबालिकाको चिन्ह भएको आयो नुनको प्रयोग गर्नुपर्छ । नुनको प्रयोग गर्दा यसको मात्रा कम गर्ने कुरामा भने ध्यान दिनैपर्छ । *(स्रोतः अनलाईनखबर)*

# स्थापना दिवसको अवसरमा आधुनिकका विद्यार्थी, शिक्षक, कर्मचारी, पूर्वशिक्षक सम्मानित

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले स्थापना दिवसको अवसरमा विद्यार्थी, शिक्षक, कर्मचारी र पूर्वशिक्षकलाई सम्मान गरेको छ। ५६ औं स्थापना दिवसको अवसरमा बुधबार बिहान विद्यालयले शिक्षक, विद्यार्थी, कर्मचारी र पूर्व शिक्षकलाई सम्मान गरेको हो।

विद्यालयले २५ जना पूर्वशिक्षकलाई सम्मान गरेको छ। विद्यालयले ५ जना कार्यरत शिक्षकलाई पनि सम्मान गरेको हो । विद्यालयले कार्यरत शिक्षकहरु पुरुषोत्तम आचार्य, कमल दाहाल, शारदा ओझा, शकुन्तला थापा र अनिषा श्रेष्ठलाई जनही नगद १० हजार रुपैयाँसहित सम्मान गरेको हो। उत्कृष्ट कर्मचारीमा सरिता राईलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरेको छ। विद्यालयले एक कक्षादेखि १० कक्षासम्मका उत्कृष्ट नतिजा हासिल गर्ने ३८ जना विद्यार्थीलाई पुरस्कृत गरेको छ। विद्यालयले पुरस्कार स्वरुप विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको विद्यालयका सूचना अधिकारी कृष्णगोपाल श्रेष्ठले जानकारी दिनुभयो।

कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्य रहेको थियो भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महम्मद समीमको अध्यक्षता रहेको थियो। कार्यक्रममा विभिन्न विद्यालय र क्याम्पसका प्रमुख, अभिभावक, विद्यार्थी र शिक्षकको उपस्थिति रहेको थियो। विद्यालयले विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाएको छ। स्थापना दिवसको अवसर पारेर विद्यालयले हेटौंडा सामुदायिक आँखा अस्पतालको सहयोगमा बिहिवार, शुक्रबार र आईतबार विद्यालयमा आँखा शिविरको कार्यक्रम आयोजना गरेको छ। यस्तै, विद्यालयले मंगलबार रक्तसञ्चार केन्द्रको सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए। १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल अहिले २ हजार ६ सय विद्यार्थी अध्ययनरत छन्।

# मकवानपुरका तीन प्रहरी निरीक्षकलाई विदाई

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले मातहतका कार्यालयमा कार्यरत ३ जना प्रहरी निरीक्षकहरुलाई विदाई गरेको छ। मंगलबार मकवानपुरका तीन जना प्रहरी निरीक्षकहरुलाई विदाई गरिएको हो।

जिल्ला ट्राफिक कार्यालय मकवानपुरको प्रमुखको जिम्मेवारी निर्वाह गरिरहनुभएका प्रहरी निरीक्षक बसन्त आचार्य, इलाका प्रहरी कार्यालय भीमफेदीमा प्रमुखको रुपमा कार्यरत सचिता थापा मगर र बकैया गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय ठिंगनमा प्रमुखको रुपमा कार्यरत प्रहरी निरीक्षक लक्ष्मण गिरीलाई विदाई गरिएको हो। तीनै जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाल र प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारी लगायतले विदाई गर्नुभएको हो।

प्रहरी निरीक्षक आचार्यले २०७९ को चैत ६ गतेदेखि जिल्ला ट्राफिक कार्यालयको प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो। यस्तै प्रहरी निरीक्षक मगरले गत भदौ १० गतेदेखि इलाका प्रहरी भीमफेदीको प्रमुख र गिरीले पनि भदौ १० गतेबाट इलाका प्रहरी कार्यालय ठिंगनको प्रमुखको रुपमा जिम्मेवारी सम्हाल्नुभएको थियो। प्रहरी निरीक्षक आचार्य विमानस्थल समन्वय शाखा नक्सालमा, मगर नेपाल प्रहरी प्रधान कार्यालय जनसम्पर्क शाखा नक्साल र गिरी जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा सरुवा भएर जानुहुनेछ।

**ट्राफिक प्रमुखमा अधिकारी, भीमफेदीमा ढकाल र ठिंगनमा दाहाल आउने**


यसैबीच जिल्ला ट्राफिक कार्यालय मकवानपुरको प्रमुखमा प्रहरी निरीक्षक केशव अधिकारी आउनुहुने भएको छ। अहिलेका ट्राफिक प्रमुख बसन्त आचार्य सरुवा हुनुभएसँगै प्रहरी वृत्त गौशाला काठमाडौंमा कार्यरत प्रहरी निरीक्षक अधिकारी मकवानपुर आउनुहुने भएको हो।

यस्तै इलाका प्रहरी कार्यालय भीमफेदीमा प्रमुखको रुपमा प्रहरी निरीक्षक ललिता ढकाल आउनुहुने भएको छ। ढकाल नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग सुरक्षा सेवा व्यवस्थापन महाशाखा नक्सालमा कार्यरत प्रहरी निरीक्षक भीमफेदी आउनुहुने भएको हो। इलाका प्रहरी कार्यालय ठिंगनको प्रमुखको रुपमा प्रहरी निरीक्षक खगेन्द्र कुमार दाहाल आउनुहुने भएको छ। दाहाल यसअघि नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभाग नक्सालमा कार्यरत हुनुहुन्थ्यो।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

# हार्दिक श्रद्धाञ्जली



स्व. केशव प्रसाद मुडभरी

हेटौंडा-१३ स्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर जिल्ला कार्यसमिति सदस्य **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रिन्सीपल

एवम्, मकवानपुर बालविद्या सदन परिवार

हेटौंडा-१८, मकवानपुर


# हेटौंडामा क्यालिबरको शाखा

समाज संवाददाता

हेटौंडाः उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीलाई लक्षित गरी आवश्यक परामर्श र विश्वविद्यालय छनोट तथा भर्नाको प्रक्रियामा सहजीकरण गर्दै आएको क्यालिबर एकेडेमिक एण्ड करियअर एसोसिएट्सको शाखा हेटौंडामा पनि सञ्चालनमा आएको छ। दुई महिनादेखि अनौपचारिकरुपमा सञ्चालन हुँदै आएको शाखाको सञ्चालनको मंगलबार पत्रकार सम्मेलनमार्फत औपचारिक रुपमा सञ्चालनमा आएको जानकारी गराएको छ।

क्यालिबरको हेटौंडा शाखाका निर्देशक आशिष दुलालले युरोप, अमेरिका, अष्ट्रेलिया जान चाहने विद्यार्थीलाई आवश्यक सहयोग र सहजीकरण गरिने जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा क्यालिबरको काठमाडौंस्थित केन्द्रीय कार्यालयका व्यापार विकास अधिकारी सानु पौडेलले हरेक वर्ष उल्लेख्य संख्यामा विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि विदेश पठाउन सफल भइरहेको बताउनुभयो। क्यालिबरले अध्ययनका लागि विदेशी विश्वविद्यालय जान चाहने विद्यार्थीलाई सहजीकरण गर्नुका साथै करियर गाइडको काम पनि गरिरहेको जनाएको छ।

# राइटपाथको एजुकेशनका कन्क्लेभ सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४, स्कूलरोडस्थित मारवाडी सेवा सदनको व्यापारिक कम्प्लेक्सस्थित राइटपाथ हेटौंडाको कार्यालय परिसरमा भएको कन्क्लेभ सम्पन्न भएको छ। बिहीबार भएको कन्क्लेभमा गायिका अञ्जु पन्तको पनि उपस्थिति रहेको थियो।

अमेरिका, युरोप, अष्ट्रेलियालगायत देशमा उच्च शिक्षा अध्ययनका लागि जान चाहने विद्यार्थीका लागि परामर्श तथा प्रक्रियामा सहजीकरण गर्ने संस्था राइटपाथ करिअर काउन्सिलिङले हेटौंडामा ग्राण्ड एजुकेशन कन्क्लेभको आयोजना गरेको हो। कार्यक्रममा ३ सय ५० भन्दा धेरै मानिसहरु परामर्श लिन सहभागी भएका थिए।

काठमाडौंबाट सुरु भएको कन्क्लेभ धनकुटा, हेटौंडा, चितवन, बुटवल, दाङ, ललितपुर हुँदै सम्पन्न हुने राइटपाथका सल्लाहकार सन्दिप पोखरेलले जानकारी दिनुभयो। कन्क्लेभ राइटपाथले निःशुल्क गरेको थियो। कार्यक्रममा ८० भन्दा धेरै देशहरुका विश्वविद्यालय प्रतिनिधिहरुको सहभागिता रहेको थियो भने प्रतिनिधिहरुले परामर्शसमेत दिएका थिए। १२ कक्षाको वार्षिक परीक्षा दिएर बसेका उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थी र अभिभावकलाई लक्षित गरेर राइटपाथले देशव्यापी दौडाहाको रुपमा कन्क्लेभको आयोजना गरेको हो।

# हेटौंडामा कला महोत्सव शुरु




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-२ स्थित सिद्धार्थ माविको सभाहलमा कला महोत्सवको उद्घाटन गरिएको छ। तीन दिनसम्म हुने महोत्सवको उद्घाटन बागमती प्रदेशको संस्कृति तथा पर्यटनमन्त्री शैलेन्द्रमान बज्राचार्यले गर्नुभएको हो।

बिहीबार स्याटर्डे फिल्म एयर, काठमाडौंको आयोजनामा भएको कार्यक्रमको एयरका संयोजक दिवश प्रधानले आगामी दिनमा हेटौंडा उपमहानगरपालिकाको विभिन्न स्थानमा हुने कार्यक्रमको बारेमा प्रष्ट पार्नुभएको छ। महोत्सवको पहिलो दिन उद्घाटनसँगै चित्रकला प्रदर्शनी कार्यक्रम भएको छ।

कार्यक्रममा वरिष्ठ कलाकार बीएस राणालाई हरिभजनमान सिंह प्रधान ललितकला सम्मान-२०८१ प्रदान गरिएको थियो भने वैशाख १२ गते भएको अन्तरविद्यालय आधारभूत तह र माध्यमिक तहको चित्रकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने ८ जना बालबालिकालाई पुरस्कार वितरण गरिएको थियो। महोत्सवको पहिलो दिन कार्यपत्र प्रस्तुति, कला संवाद र प्रत्यक्ष चित्रकला सिर्जना कार्यक्रम भएको छ।

कार्यक्रमको दोस्रो दिन आज शुक्रबार पहिलो सेसन भुटनदेवी मन्दिर परिसर, हेटौंडा-१० मा खुला चित्रकला कार्यशाला र भजन गायन आयोजना गरिएको छ। दोस्रो सेसनमा पुष्पलाल पार्क सानो पोखरामा चित्रकला कार्यशाला र सांगीतिक प्रस्तुति हुनेछ। तेस्रो दिन शनिबार पहिलो सेसनमा मनकामना डाँडा, पाथीभरा हेटौंडा भ्यू टावर, गुम्बाडाँडा हर्नामाडी र मकवानपुर गढीमा कला भ्रमणको व्यवस्था गरिएको छ भने दोस्रो सेसनमा शहीद स्मारक, थानाभन्ज्याङ, हेटौंडा-१ मा खुला चित्रकला कार्यशाला, कला संवाद र महोत्सवको समापन गरिने जनाइएको छ। यस महोत्सवबाट उठेको ५० प्रतिशत रकम मानवसेवा आश्रममा हस्तान्तरण हुने प्रधानले बताउनुभयो।

कार्यक्रममा बागमती प्रदेश, संस्कृति तथा पर्यटनमन्त्री बज्राचायको प्रमुख आतिथ्य रहेको थियो। हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामा र ललितकला प्रज्ञा प्रतिष्ठानका कूलपति नारदमणि हार्वम्छालीको विशिष्ट आतिथ्य रहेको थियो। कार्यक्रममा हेटौंडा-२ का वडा अध्यक्ष विष्णुगोपाल महर्जनको आतिथ्य रहेको थियो। स्याटर्डे फिल्म एयरका वरिष्ठ कलाकार तथा अध्यक्ष राकेशचन्द्र श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक र कलाप्रेमीको सहभागिता रहेको थियो।

# ट्याक्टरचालक पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-सिन्धुली सडकअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-४ चाँदिपुलमा दुर्घटना भएको ट्याक्टरका चालक पक्राउ परेका छन्। बिहिबार बिहान ७ बजेर ३५ मिनेटको समयमा प्रहरीले सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-९, भिमानका ४१ वर्षीय खड्का बहादुर बुढाथोकीलाई नियन्त्रणमा लिएको हो।

बुधबार साँझ ८ बजेको समयमा भुरभुरेबाट हेटौंडातर्फ आउँदै गरेको ना ६६ प ९३०३ स्कुटर सोही दिशामा रहेको ना ७ त २२५९ नम्बरको ट्याक्टरमा ठोक्किएर दुर्घटना हुँदा हेटौंडा-१३ का ४१ वर्षीय केशव मुडभरी गम्भीर घाइते भएका थिए। घाइते मुडभरीको हेटौंडा अस्पतालमा उपचारको क्रममा राति ९ बजे मृत्यु भएको थियो। प्रहरीले घटनास्थलभन्दा ३ किलोमिटर पर भोर्लेनीहुँदै काफ्रे जाने भित्री सडकखण्डमा रोकिएर राखेको ट्याक्टर फेला पारी उक्त ट्याक्टरमा लोड भएको रडमा ठोकिएर दुर्घटना भएको जस्तो देखिएपछि प्रहरीले ट्याक्टरलाई बुधबार राति नै नियन्त्रणमा लिएको थियो। पक्राउ परेका ट्याक्टर चालकमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तव्य हो। तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ।

डिभिजन वन कार्यालय, मकवानपुर

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# बागमतीमा विद्यार्थीका लागि फ्रेन्डसीप क्याम्प सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-४, झुरझुरेस्थित महाबुद्ध आधारभूत विद्यालयमा विद्यार्थीका लागि फ्रेन्डसीप क्याम्प सुरु भएको छ। २ रात ३ दिने क्याम्पमा विद्यार्थीहरुको लागि गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले विभिन्न क्रियाकलापको आयोजना गेरको हेटौंडा उपमहानगरपालिका स्काउट समितिका स्थानीय प्रमुख अनिल आचार्यले जानकारी दिनुभयो । नेपाल स्काउट बागमती प्रदेश स्काउट, स्थानीय स्काउटको व्यवस्थापनमा उक्त क्याम्प भइरहेको हो ।

बुधबारदेखि सञ्चालन भएको क्याम्पमा हेटौंडा उपमहानगरपालिकाका ५ वटा विद्यालय र बागमती गाउँपालिकाको दुई विद्यालय गरी २ सय १० जना विद्यार्थीको सहभागिता रहेको छ। हेटौंडा उपमहानगर पालिकाको स्काउट विद्यार्थी अतिथि सहभागिता रहेको हो ।

स्काउटको पहिलो दिन गाउँपालिकाका प्रमुख सर्केस घलानले कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । सो दिन स्काउटका ११ जना विद्यार्थीले प्रमुखलाई १० वटा प्रश्नउत्तर सोध्ने कार्य गरेका थए भने सांस्कृतिक फेसन शोको आयोजना पनि गरिएको थियो। दोस्रो दिन बिहीबार नृत्य, क्याम्पफायर, बिना भाँडा खाना पकाउने प्रतियोगिता, ओमेगा जम्प, सुपर जम्पजस्ता क्रियाकलाप भएको छ ।

स्काउटमा १० वटा नियम र ३ वटा प्रतिज्ञामा अभियान सञ्चालन गरिन्छ । स्काउटले विद्यार्थीलाई नेतृत्व गर्न र अनुशासनमा रहन सहयोग गर्छ । स्काउटबाट अभिभावकको सकारात्मक समीक्षा प्राप्त भइरहेको आचार्यले बताउनुभयो । यो गाउँपालिकाको दोस्रो फ्रेन्डसीप क्याम्प हो। यसअघि सूर्य माविले क्याम्पको आयोजना गरेको थियो। स्काउटले बालबालिकालाई स्वयम्सेवा गर्न सहयोग गर्नुका साथै सानैमा क्रियाशील बनाउने आचार्यले बताउनुभयो ।

# गाउँपालिकाले विद्यार्थीलाई आवास र खानाको व्यवस्था गर्ने

समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिका-५, पाओसस्थित गीतावर आधारभूत विद्यालयका ४० जना विद्यार्थीहरुका लागि गाउँपालिकाले आवाससहित खानाको व्यवस्था गरिदिने भएको छ। विद्यालयका प्रधानाध्यापक हरिहर खनालका अनुसार २०७४ सालदेखि आवासीय सुविधा प्रदान गर्दै आइरहेको विद्यालयलाई गाउँपालिकाले आवासीय सुविधासहित खानाको व्यवस्था गरिदिने भएको हो ।

बकैया गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा विपन्न परिवार, बासस्थानको अभाव र अन्यन्त्र कारणलाई लक्षित गरी आवासीय सुविधासहित खानाको व्यवस्था गरिदिने भएको उहाँले बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमअनुसार जेठ र असार महिनाका लागि पालिकाले खाद्यान्नको व्यवस्था गरिदिने भएको छ ।

बकैया गाउँपालिका वडा न. ६ र २ मा प्रावि तहको मात्र विद्यालय भएका कारण विद्यार्थीहरुलाई आवासीय समस्या परेको उहाँले जानकारी दिनुभयो। बकैयाको ज्यामिरे, मोरङधाप, टिकुली, चाँदेसीर र तीन फुङ्केका ४० जना विद्यार्थीहरूलाई विद्यालयले आवासको व्यवस्था गर्दै आएको छ । मावि तहमा अध्ययनरत विद्यार्थीहरुलाई पनि विद्यालयले आवासको व्यवस्था गर्दै आएको खनालले जानकारी दिनुभयो ।

विद्यालयलाई शिक्षासँग सम्बन्धित विभिन्न संघसंस्थाहरूले शैक्षिक सामग्री उपलब्ध गराउने भएको छ। ८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा नर्सरीदेखि कक्षा ४ सम्म अंग्रेजी माध्यमबाट पढाइ हुँदै आएको छ । विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटरको पनि व्यवस्था रहेको छ । विद्यालयमा हाल कक्षाकोठा, घेराबार र शिक्षकको अभाव रहेको छ । विद्यालयमा हाल २ सय ७५ जना विद्यार्थी रहेका छन् । भर्ना अवधि बाँकी रहेकाले विद्यार्थी सङ्ख्या अझै बढ्ने विश्वास रहेको उहाँले बताउनुभयो ।

# कलैया मेयर कप क्रिकेटमा मकवानपुर पराजित

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको कलैयामा जारी दोस्रो संस्करणको कलैया टी-२० मेयर कप क्रिकेट प्रतियोगितामा मकवानपुरका क्रिकेट टिम पराजित भएको छ । बिहीबार भएको पहिलो खेलमा मकवानपुर गौर क्रिकेट टिमसँग ९ विकेटले पराजित भएको हो ।

गौरले १२.१ ओभरमा १ विकेटमात्र गुमाएर लक्ष्यलाई भेट्टायो । टस जितेर पहिला ब्याटिङ थालेको मकवानपुरले गौरलाई जितका लागि ७४ रनको लक्ष्य दिएको थियो। १४.२ ओभरमा सबै विकेट गुमाएर मकवानपुरले ७३ रनमात्र बनाएको हो। गौरका विजय यादवले सर्बाधिक ३१ रन बनाए । मकवानपुरले अब शुक्रबार वीरगञ्ज नेशनल इन्फोटेकसँग खेल्नेछ । प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ। प्रतियोगिताको विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# बालकको शव फेला

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३, शितलबजारस्थित त्रिशुली नदिको किनारमा एक बालकको शव फेला परेको छ। बुधबार दिउँसो ४ बजेको समयमा नदिको किनारमा अन्दाजी ५ वर्षीय बालकको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बालकको सनाखत हुन नसकेको प्रहरीले जानकारी गराएको छ । शव सडेगलेको अवस्थामा फेला परेको र अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हात्तीको आक्रमणबाट प्रजा घाइते


समाज संवाददाता

हेटौंडाः मककवानपुरको मनहरी गाउँपालिका-७, पेन्चेमा जंगली हात्तीको आक्रमणबाट एक जना घाइते भएका छन्। घाइते हुनेमा ५५ वर्षीया बिन्दुमाया प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार बिहान ९ बजेको समयमा प्रजा ज्यामिरे मध्यवर्ती सामुदायिक वनमा निगुरो टिप्न गएकोमा जंगली हात्तीको आक्रमणबाट घाइते भएकी थिईन्। घाइते प्रजालाई उपचारका लागि भरतपुर अस्पताल लगिएको र अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ।




## हार्दिक श्रद्धाञ्जली




स्व. केशव प्रसाद मुडभरी

ग्यास व्यवसायी संघ मकवानपुका अध्यक्ष तथा ग्यास व्यवसायी संघ बागमती प्रदेश समितिका महासचिव प्रिय भाइ **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छु । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

दिलिश गोविन्द जोशी
निवर्तमान अध्यक्ष

**ग्यास व्यवसायी संघ मकवानपुर**

## हार्दिक श्रद्धाञ्जली



स्व. केशव प्रसाद मुडभरी

हेटौंडा-१३ स्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर जिल्ला कार्यसमिति सदस्य **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| विनोद सुवेदी | नवीन केसी |
|---|---|
| अध्यक्ष | सचिव |

**एवम् प्याब्सन मकवानपुर परिवार**

हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ